मिति : २०७७/३/८ गते (सोमबार)

बैठक संख्या : ३९

स्थान : महानगरपालिकाको सभाकक्ष,

समय : दिउसो १ : ०० बजे,

पोखरा महानगरपालिकाका नगर प्रमुख श्री मान बहादुर जि.सी.ज्यूको अध्यक्षतामा यस महानगरपालिका नगर कार्यपालिकाको बैठक पोखरा सभागृहमा तपसिल बमोजिको उपस्थितिमा बसि देहायनुसारको निर्णय गरियो ।

<u>उपस्थिती</u> :

| | | |
|---|---|---|
| अध्यक्ष | श्री मानबहादुर जि.सी. | प्रमुख |
| सदस्य | श्री मञ्जुदेवी गुरुङ्ग | उप-प्रमुख |
| सचिव | श्री ध्रुव कुमार पोखेल | प्रमुख प्रशासकीय अधिकृत |
| सदस्य | श्री शारदा पराजुली | वडा अध्यक्ष वडा नं. १ |
| सदस्य | श्री रामेश्वर मल्ल | वडा अध्यक्ष वडा नं. २ |
| सदस्य | श्री रविन्द्र बहादुर प्रजु | वडा अध्यक्ष वडा नं. ३ |
| सदस्य | श्री शंकर प्रसाद बँस्तोला | वडा अध्यक्ष वडा नं. |
| सदस्य | श्री धनबहादुर नेपाली | वडा अध्यक्ष वडा नं. ५ |
| सदस्य | श्री जगतबहादुर पाहारी | वडा अध्यक्ष वडा नं. ६ |
| सदस्य | श्री रामचन्द्र वराल | वडा अध्यक्ष वडा नं. ७ |
| सदस्य | श्री रुद्रनाथ वराल | वडा अध्यक्ष वडा नं. ८ |
| सदस्य | श्री रामराज लामिछाने | वडा अध्यक्ष वडा नं. ९ |
| सदस्य | श्री राजकुमार गरुङ्ग | वडा अध्यक्ष वडा नं. १० |
| सदस्य | श्री मोहन प्रसाद बाँस्तोला | वडा अध्यक्ष वडा नं. ११ |
| सदस्य | श्री रामबहादुर कार्की | वडा अध्यक्ष वडा नं. १२ |
| सदस्य | श्री लेखबहादुर तामाङ्ग | वडा अध्यक्ष वडा नं. १३ |
| सदस्य | श्री प्रेमबहादुर कार्की | वडा अध्यक्ष वडा नं. १४ |
| सदस्य | श्री प्रकाश पौडेल | वडा अध्यक्ष वडा नं. १५ |
| सदस्य | श्री जिबन प्रसाद आचार्य | वडा अध्यक्ष वडा नं. १६ |
| सदस्य | श्री तिर्थराज अधिककारी | वडा अध्यक्ष वडा नं. १७ |

| | | |
|---|---|---|
| सदस्य | श्री रणबहादुर थापा | वडा अध्यक्ष वडा नं. १८ |
| सदस्य | श्री शोभामोहन पौडेल | वडा अध्यक्ष वडा नं. १९ |
| सदस्य | श्री सिमबहादुर गुरुङ्ग | वडा अध्यक्ष वडा नं. २० |
| सदस्य | श्री खगराज आचार्य | वडा अध्यक्ष वडा नं. २१ |
| सदस्य | श्री मित्रलाल वराल | वडा अध्यक्ष वडा नं. २२ |
| सदस्य | श्री विष्णु प्रसाद पराजुली | वडा अध्यक्ष वडा नं. २३ |
| सदस्य | श्री ओम प्रसाद सुवेदी | वडा अध्यक्ष वडा नं. २४ |
| सदस्य | श्री शोभाकर तिमिल्सीना | वडा अध्यक्ष वडा नं. २५ |
| सदस्य | श्री नारायण प्रसाद वराल | वडा अध्यक्ष वडा नं. २६ |
| सदस्य | श्री पूर्णकुमार गुरुङ्ग | वडा अध्यक्ष वडा नं. २७ |
| सदस्य | श्री निर्मल दियाली | वडा अध्यक्ष वडा नं. २८ |
| सदस्य | श्री चेतबहादुर गुरुङ्ग | वडा अध्यक्ष वडा नं. २९ |
| सदस्य | श्री श्रीराम पोखरेल | वडा अध्यक्ष वडा नं. ३० |
| सदस्य | श्री कमल बहादुर थापा | वडा अध्यक्ष वडा नं. ३१ |
| सदस्य | श्री अक्कल बहादुर कार्की | वडा अध्यक्ष वडा नं. ३२ |
| सदस्य | श्री शिवप्रसाद आचार्य | वडा अध्यक्ष वडा नं. ३३ |
| सदस्य | श्री पुष्पा घले पहारी | पो.म.न.पा. वडा नं. ६ |
| सदस्य | श्री बुधराज भुजेल (भिमसेन) | पो.म.न.पा. वडा नं. ६ |
| सदस्य | श्री ओम प्रसाद गौचन | पो.म.न.पा. वडा नं. ७ |
| सदस्य | श्री यशोदा के.सी.भट्टराई | पो.म.न.पा. वडा नं. १४ |
| सदस्य | श्री राधिका शाही योगि | पो.म.न.पा. वडा नं. १७ |
| सदस्य | श्री मनबुजा बि.क. | पो.म.न.पा. वडा नं. २० |
| सदस्य | श्री सन्तुदेबी सुवेदी | पो.म.न.पा. वडा नं. २४ |
| सदस्य | श्री चतुरे बि.क. | पो.म.न.पा. वडा नं. ३१ |

## पोखरा महानगरपालिका

## नगर कार्यपालिकाको कार्यालय पोखरा,कास्की

**मिति २०७७/३/८ गते दिउसो १:०० बजेको ३९ औं कार्यपालिका बैठकका एजेन्डाहरु :-**

१. आर्थिक वर्ष २०७७/०७८ को वार्षिक बजेट प्रस्तुत संवन्धमा ।

२. आर्थिक तथा बिनियोजन विद्येयक २०७७ सम्वन्धमा ।

३. कर तथा गैह्कर विद्येयक २०७७ सम्वन्धमा ।

४. विविध ।

(क) सृजना चोकको भवन ठेक्का सम्वन्धमा ।

(ख) राजश्व फिर्ता सम्वन्धमा ।

(ग) सेवा निबृत कर्मचारीको सुबिधा सम्वन्धमा ।

(घ) शव वाहन चालक नियूक्ति सम्वन्धमा ।

(ङ) पून प्रयोग जन्य सामाग्री ठेक्का सम्वन्धमा ।

(च) आ.व.२०७६/०७७ मा प्रधानमन्त्री रोजगार कार्यक्रम अर्न्तगत संचालित कार्यक्रम अनुमोदन सम्वन्धमा ।

(छ) पोखरा महानगरपालिकाको भिजन स्वीकृत सम्वन्धमा ।

(ज) रकमान्तर सम्वन्धमा ।

(झ) तरकारी नष्ट गरेको सम्वन्धमा ।

(ञ) वार्षिक बजेट संसोधन सम्वन्धमा ।

(ट) विपद् व्यवस्थापन कोष सञ्चालन नियमावलि,२०७५ (पहिलो संसोधन) सम्वन्धमा ।

(ठ) भेरीएसन आदेश सिफारीस समितिको म्याद थप सम्वन्धमा ।

## निर्णयहरु :

**निर्णय नं.-१,**

**प्रस्ताब नं.-१ उपर छलफल हुदाँ** : आगामी आ.व. २०७७/०७८ का ५ अर्ब २८ करोड ६७ लाख २१ हजार ४ सय रुपयाँको बजेट तथा कार्यक्रम सभामा प्रस्तुत गर्ने कार्यक्रममा गण्डकी प्रदेशका माननीय मुख्यमन्त्री पृथ्वीसुव्वा गुरुङ्गज्यू लाई संवोधन गर्नका लागि निमन्त्रणा गर्ने निर्णय गरियो ।

**निर्णय नं. २**

**प्रस्ताब नं.-२ उपर छलफल हुदाँ** : आर्थिक विधेयक, २०७७ र सेवा तथा कार्यक्रमका लागि खर्च गर्न विनियोजन विधेयक २०७७ सातौ नगर सभामा पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३**

**प्रस्ताब नं.-३ उपर छलफल हुदाँ** : कर तथा गैह्र कर विधेयक २०७७ सातौ नगर सभामा पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं. ४**

**प्रस्ताब नं.-४ को बिबिध विषयमा छलफल भई निम्नानुसारको निर्णय गरियो ।**

(क) पोखरा महानगरपालिका वडा नं.-८ सृजनाचोक स्थित पोखरा महानगरपालिकाको स्वामित्वमा रहेको भवन भाडामा लगाउनका लागि राजस्व शाखा मार्फत प्रस्तुत रु.५६,११,१९२/- (अक्षरुपी छप्पन्न लाख एघार हजार एक सय बयानब्बे रुपैया) बराबरको न्यूनतम अंक कायम गरी बोलपत्र आव्हान गर्ने निर्णय गरियो ।

(ख) यस कार्यालयबाट पोखरा नगरक्षेत्र भित्र पार्किङ व्यवस्थापन सम्बन्धमा मिति २०७६।०५।२० मा आदर्श समाज राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित सुचना बमोजिम दर्ता हुन आएका बोलपत्रदाता मध्ये सबैभन्दा बढी कबोल गर्ने सुस्मिता कन्स्ट्रक्सनले सम्झौता गर्न नआएको हुँदा उक्त कम्पनिको धरौटी जफत गरी दोस्रो बढी कबोल गर्ने सत सुकुत निर्माण सेवालाई सम्झौता गर्न आउने मिति २०७६।८।२२ मा पत्राचार भएकोमा उक्त कम्पनिले मिति २०७६।८।३० मा प्रथम किस्ता बापतको रकम रु. ६१,२४,२००/-(एकसठी लाख चौबिस हजार दुई सय) रुपयाँ दाखिला गरेको कबोल अंकको नियम अनुसार पेश गर्नु पर्ने बैंक ग्यारेण्टी पेश गर्न नसकेको हुँदा सम्झौता हुन नसकेकाले मिति २०७६।१०।२१ को मुल्यांकन समितिको निर्णय, यस कार्यालयको मिति २०७६।११।२०

को निर्णय र उक्त कम्पनिको मिति २०७६।१०।२९ को निवेदन समेतका आधारमा निजले प्रथम किस्ता बापत जम्मा गरेको रकम फिर्ता माग दिएको निवेदन कार्यपालिका बैठकमा प्रस्तुत हुदाँ सत सुकृत निर्माण सेवाले जम्मा गरेको रकम रु. ६१ लाख २४ हजार २ सय फिर्ता गर्ने निर्णय गरियो ।

(ग) पोखरा महानगरपालिकामा स्थायी नियूक्ति भई कार्यरत कर्मचारीहरुलाई स्थानीय तहका कर्मचारीको सेवा शर्त संग सम्वन्धित कानून नबने सम्म निजामति सेवा ऐन २०४९ को दफा ३५ को उप दफा ३ तथा निजामति सेवा निमयमावली बमोजिम नै सेवा सुविधा प्राप्त हुन मनासिब देखिदा मिति २०७७/२/२० गतेको निर्णय अनुमोदन गरि सेवा सुविधा उपलब्ध गराउने निर्णय गरियो ।

(घ) कोभिड -१९ को कारण मृत्यु भएका व्यक्तिको शव व्यवस्थापन गर्न महानगरमा शव वहान र चालकको व्यवस्था नरहेको हुदाँ शव वहान सहित सेवा करारामा व्यवस्था गर्न आवश्यक भएको हुदाँ शव वहान भाडा बापत दैनिक रु. ३ हजार, पोखरा-२२ बस्ने चालक श्री विष्णु बराल लाई पारिश्रमिक मासिक रु. ३० (तिस) हजार शव बोकेमा ५ वटा सम्म संक्रमित शव व्यवस्थापन गरे प्रतिशव रु ५ हजारका दरले ६ देखि १० वटा सम्म शव बोके प्रति शव रु. ३ हजार दरले र सो भन्दा बढी जति सुकै शव बोके पनी प्रति शव रु.२ हजारका दरले सेवा सुविधा उपलब्ध गराउने गरी ब.उ.सि.नं.८०४३९२०१३०२ (स्वास्थ्य) को खर्च शिर्षक नं. २२५२२ मा बिनियोजित चालु आ.व.को बजेटबाट २०७७ साल असार मसान्त सम्मका लागि सेवा लिने गरी मिति २०७७/२/३२ मा भएको निर्णय अनुमोदन गरियो ।

(ङ) पुन-प्रयोग जन्य सामाग्रीहरुको निकासी कर संकलन गर्न २०७६ असोज २३ गते सम्म सिम्रन कन्स्ट्रक्सन संग ठेक्का सम्झौता भएकोमा तत्काल ठेक्का सूचना आव्हान नभएको र पुन ठेक्का सम्झौता गर्न समय लाग्ने भएकाले २०७६ चैत्र २४ गते सम्मका लागि साबिक कबोल अकंमा १०% (दश प्रतिशत) थप गरी २०७६ असोज १७ गते म्याद थप गरिएको थियो । २०७६ माघ २७ गते राजश्व परामर्श समितिको वैठकको निर्णय अनुसार न्यूनतम रकम एकिन गरि सिफारीस गर्न समितिका सदस्य श्री रबिन्द्र बहादुर प्रजुको सयोंजकत्वमा गठित समितिबाट रु.४ करोड ४२ लाख ५२ हजार २ सय १२ (भ्याट बाहेक) मात्र न्यूनतम रकम कायम हुन सिफारीस भई २०७६ फागनु १० मा समाधान दैनिक पत्रिकामा ठेक्का बन्दोबस्तको लागि सूचना प्रकाशित भएको उक्त प्रकाशित सूचना अनुसार शुभ जगदम्बा कन्स्ट्रक्सन ईन्जिनियरीङ्ग कम्पनीले ४ करोड ४६ लाख ५० हजार ५ सय १ (भ्याट बाहेक) सबै भन्दा बढी अकं कबोल गरेको देखियो । उक्त बोलपत्रहरु मुल्याकंन समितिमा पेश भई २०७७ बैशाख १७ को बोलपत्र मुल्याकंन समितिको निर्णय अनुसार स्वीकृत लागत

अनुमान रकम रु.४ करोड ४२ लाख ५२ हजार २ सय १२ (भ्याट बाहेक) चालु वर्षको ४ करोड ६२ लाख ३९ हजार (भ्याट बाहेक) भन्दा कम भई मुल्याकंन नै त्रुटिपूर्ण भएको देखिदा पून लागत अनुमान तयार गरी बोल पत्र आव्हान गर्न सिफारीस भएको थियो । यस विषयमा कानून महाशाखाको तथा र राजस्व परामर्श समितिको मिति २०७७ असार ६ गतेको सिफारीस बैठकमा पेश हुदाँ पुन बोलपत्र आव्हान गर्न विविध कारणले प्रतिकुल अवस्था रहेकाले चालु आर्थिक वर्षको सम्झौता रकममा फरक पर्न गएको रु.३१ लाख ७६ हजार ९ सय ९८ (वार्षिक रु.१५ लाख ८८ हजार ४ सय ९९ रुपैयाँ) उक्त शुभ जगदम्बा कन्स्ट्रक्सन ईन्जिनियरीङ्ग कम्पनीको कबोल रकममा थप गरी उक्त कम्पनी सम्झौता गर्न तयार भएमा ७ (सात) दिनको समय दिई सूचना गर्ने र सम्झौता गर्न नआएमा रु.४ करोड ६२ लाख ३९ हजार (भ्याट बाहेक) रकमलाई न्यूनतम कबोल अकं मानी बोलपत्र आव्हान गर्ने निर्णय गरियो ।

(च) चालु आ.व. २०७६।०७७ मा पोखरा महानगरपालिकाबाट प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत प्रमुखज्यू र स्थानीय निर्देशक समितिबाट विभिन्न मितिमा भएका निर्णयहरु अनुमोदन गर्ने निर्णय गरियो ।

(छ) पोखरा महानगरपालिकाको भिजन २१०० तथा आवधिक रणनितिक कार्ययोजना (२०७७ - २०८२ ) अनुमोदन गर्ने निर्णय गरियो ।

(ज) बिनियोजन विधेयक २०७६ को दफा ४(२) बमोजिम निम्न बमोजिम कार्यक्रममा रकमान्तर गर्नु पर्ने हुदाँ २० प्रतिशत भन्दा बढी रकमान्तर सातौं नगरसभामा पेश गर्ने व्यवस्था भए अनुसार तपसिल बमोजिमको रकमान्तर अनुमोदनका लागि सातौं नगरसभामा पेश गर्ने निर्णय गरियो ।

<u>तपसिल</u> :

| क्र.स. | कार्यक्रम शिर्षक | शुरु बजेट | रकमान्तर गरेको | रकमान्तर गर्नु पर्ने | प्रतिशत | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | फेवातालमा सिल्टेशन ड्याम | १० करोड | ४०८ लाख | - - - | ४१ प्रतिशत | |
| २ | प्रकोप व्यवस्थापन कोष | २ करोड | १ करोड | - - - | ५० प्रतिशत | |
| ३ | अन्य फिर्ता खर्च | ३ करोड | २६० लाख | ६१,२४,२००/- | ८६ प्रतिशत | |
| ४ | मेसीनरी औजार | ४० लाख | २० लाख | . . . . | ५० प्रतिशत | |

(झ) पोखर महानगरपालिका वडा नं.-१५ मा मिति २०७७/२/१५ गतेका दिन हरियो तरकारी नष्ट गरेको विषयमा छानविन गर्न गठित छानबिन समितिले मिति २०७७ जेष्ठ २५ गते पेश गरेको प्रतिवेदन बमोजिम पोखरा-१५ मा नष्ट भएको तरकारीको रु. १ लाख ६० हजार रुपयाँ सम्वन्धित व्यवसायीलाई विपद् कोषबाट रकम उपलब्ध गराउने निर्णय गरियो ।

(ञ) चालु आवको स्वीकृत बजेट ५७१७९ लाख रहेकोमा नेपाल सरकारबाट सर्शत अनुदानमा थप रु २१ करोड ८९ लाख ४७ हजार र विषेश अनुदानमा थप रु. ६ करोड ८० लाख गरी जम्मा वार्षिक बजेट रु. ६ अर्ब ३८ लाख ४७ हजार कायम भएकोले संशोधित बजेट स्वीकृतिको लागि नगर सभामा पेश गर्ने निर्णय गरियो ।

(ट) पोखरा लेखनाथ महानगरपालिकाको विपद् व्यवस्थापन कोष संचालन नियमावली, २०७५ को पहिलो संशोधन स्वीकृत गर्ने निर्णय गरियो ।

(ठ) २०७७ बैशाख २६ गतेको ३८ औं कार्यपालिका बैठकको निर्णय अनुसार १५% भन्दा बढी भेरीएसन आदेश सम्वन्धमा प्रतिवेदन पेश गर्न गठित विज्ञ समितिलाई १५ दिनको समय दिएकोमा उक्त समय कम भएकोले २०७७/३/२० सम्म म्याद थप गरी पूर्व जिम्मेवारीको अतिरिक्त १५% भन्दा कम भेरीएसन र भेरीएसन आदेश जारी नहुदै काम गरिएको म्याद समेत समाप्त भएको सन्दर्भमा समग्र प्राविधिक पक्षहरुको मुल्याकंन गरी भेरीएसन औचित्य पूर्ण थियो थिएन सो समेत खुलाई प्रतिवेदन पेश गर्न जिम्मेवारी दिने निर्णय गरियो ।

(ड) मिति २०७७/२/२१ गतेको शिक्षा तथा मानबश्रोत विकास केन्द्रबाट गोरखा पत्रमा प्रकाशित सूचना अनुसार यस पोखरा महानगरपलिका वडा नं.-८ मा रहेको श्रीराम आधारभूत विद्यालय र श्री जनप्रिय माध्यामिक विद्यालय एक आपसमा समायोजन एकिकरण गर्न निवेदन माग भएको हुदाँ सार्वजनिक विद्यालय समायोजन एवं एकिकरण कार्यक्रम कार्यान्वयन कार्यविधि-२०७७ को परिच्छेद ४ दफा ७ खण्ड (घ) (८) बमोजिम उक्त विद्यालयहरुलाई समायोजन एकिकरण गर्न शिक्षा तथा मानश्रोत बिकास केन्द्रमा सिफारीस गरि पठाउने निर्णय गरियो ।